# जिल्ला समन्वय समितिको कार्यालय

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## सटर / कोठा भाडा (आन्तरिक आय ठेक्का) मा लगाउने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

( शिलबन्दी बोलपत्र नं. ०१/०८३।८४ जि.स.स. तनहुँ)

(प्रथम पटक प्रकाशित मिति : २०८३/०५।०३)

जिल्ला समन्वय समिति, तनहुँको मिति २०८३/०४/२२ गतेको निर्णयानुसार, जिल्ला समन्वय समिति, तनहुँको स्वामित्वमा रहेको साविक फराकचौर ९/ग (हाल व्यास नगरपालिका – २) स्थित कित्ता न. १६३७ को जग्गामा रहेका (गणेशमानचोक नजिकै) र व्यास – २, न्यूरोडस्थित तपसिलमा उल्लेखित प्रत्येक सटर / कोठाका लागि जि.स.स. तनहुँको बैठकबाट भएको निर्णय र तनहुँ जिल्ला सभाको बैठकमा भएको निर्णय बमोजिम स्वीकृत भएको (कायम भएको) तपसिलमा उल्लेखित न्यूनतम राजश्व मूल्यबाट बढाबढमा प्रतिस्पर्धा हुनेगरी नियमानुसारको व्यावसायिक व्यवसाय गर्ने प्रयोजनका लागि १ बर्षका लागि (सम्झौता भएको मितिले एक बर्षका लागि) सटर / कोठा भाडामा दिन आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरूको अधिनमा रही यो बोलपत्र आह्वानको सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सार्वजनिक सूचना जिल्ला समन्वय समितिको कार्यालय र राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८३।०५।२३ गते भित्र) कार्यालय समयमा बोलपत्र खरिद गरी सो को भोलिपल्ट २२ औं दिन (२०८३।०५।२४ गते) को १२:०० बजे भित्र जिल्ला समन्वय समितिको कार्यालय तनहुँमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| सटर नं. | न्यूनतम मासिक भाडा रु. | सटर नं | न्यूनतम मासिक भाडा रु. | बोलपत्र दस्तुर रु. | धरौटी रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| A02 | 9500 | 27 | 4025 | प्रत्येक सटरको १,०००.०० (एक हजार) | प्रत्येक सटरको १०,०००.०० (दश हजार) | २०८३।०५। २३ गते कार्यालय समयभित्र | २०८३।०५।२४ गते दिनको १२:०० बजेभित्र |
| A12 | 9500 | G35 | 8500 | | | | |
| A16 | 9500 | G36 | 7500 | | | | |
| G10 | 15000 | G37 | 8500 | | | | |
| G21 | 8500 | G38 | 7500 | | | | |
| G22 र G23 | 19500 | G39 | 8500 | | | | |
| G24 | 11000 | G40 | 7500 | | | | |
| G25 | 11000 | G41 | 8500 | | | | |
| G27 | 8000 | G43 | 8500 | | | | |
| G31 | 8500 | G44 | 7500 | | | | |
| G32 | 7500 | G48 | 7000 | | | | |
| G33 | 8500 | G49 | 29000 | | | | |
| G34 | 7500 | | | | | | |

**तपसिल / शर्तहरू**

१. शिलबन्दी बोलपत्र फर्म / कम्पनीले मात्र दर्ता गर्न सक्नेछन्।

२. प्रत्येक सटर / कोठाका लागि रु. १,०००.०० (अक्षरुपी: एक हजार रुपैयाँ) (फिर्ता नहुने) दस्तुर यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको कार्यालय कोड नं. ३६५००३८०१ राजश्व खाता नं. ००१०१००००००००१००१००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सूचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८३।०५।२३ गते) भित्र कार्यालय समयमा बोलपत्र खरिद गर्न सकिनेछ।

३. प्रत्येक सटरमा छुट्टा छुट्टै प्रतिस्पर्धा हुने भएकोले प्रत्येक सटरको लागि सटर नम्बर उल्लेख गरी छुट्टा छुट्टै बोलपत्र पेश गर्नुपर्नेछ। तर एउटा फर्म / कम्पनीले बढीमा २ वटा सटरहरूको लागि मात्र बोलपत्र पेश गर्न सक्नेछ।

४. संलग्न गर्नुपर्ने कागजात सहित बोलपत्र शिलबन्दी गरी सूचना प्रकाशन भएको मितिले २२ औं दिन (मिति २०८३।०५।२४ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा फर्म / कम्पनीको प्रोपराईटर वा निजको आधिकारिक प्रतिनिधी स्वयं उपस्थित भई दर्ता गराउनुपर्नेछ।

५. तोकिएको मिति र समयभित्र रितपूर्वक यस कार्यालयमा दर्ता हुन आएका बोलपत्र २२ औं दिन (२०८३।०५। २४ गते) दिनको २:०० बजे बोलपत्रदाताहरू समेतको रोहबरमा खोलिनेछ । तोकिएको समयमा बोलपत्रदाताहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. न्यूनतम मूल्य भन्दा कम मूल्य अंकित वा म्याद नाघी प्राप्त हुन आएको वा शिलबन्दी नगरिएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

७. एक भन्दा बढी बोलपत्रदाताहरूको अधिकतम कबोल अंक बराबर भएमा गोलाप्रथा द्वारा गरिनेछ।

८. बोलपत्र मूल्याङ्कन गरी भाडामा दिने वा नदिने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार जिल्ला समन्वय समिति, तनहुँको हुनेछ।

९. बोलपत्रदाताले सटर / कोठा अर्को कुनै पक्षलाई पुनः भाडामा लगाउन पाईने छैन। त्यस्तो गरेको पाईएमा धरौटी / बैंक ग्यारेन्टी जफत गरी सम्झौता तत्कालै भङ्ग गरिनेछ।

१०. स्वीकृत भएको शिलबन्दी बोलपत्रदाताले भाडा सम्झौता गर्दा कबोल अंक अनुसार १२ (बाह्र) महिनाको भाडा वापत्को हुन आउने रकमको धरौटी जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको बैंक ग्यारेन्टी (१२ महिना म्याद कायम रहेको) को सक्कल प्रति यस कार्यालयमा अनिवार्य पेश गर्नुपर्नेछ।

११. सटर भाडामा लिई उपयोग गर्दा पालना गर्नुपर्ने शर्तहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१२. प्रत्येक सटर कोठामा छुट्टा छुट्टै बढाबढ प्रतिस्पर्धा हुनेगरी बोलपत्र पेश गर्न इच्छुक फर्म / कम्पनीले आफूले बोलपत्र पेश गर्न चाहेको सटरको हालको अवस्थाको बारेमा स्थलगत बुझी हेरी मात्र बोलपत्र पेश गर्नुपर्नेछ। यस सम्बन्धमा पछी कुनै गुनासो गर्न पाईने छैन।

१३. प्रचलित कानूनले निषेध गरेका व्यवसाय सञ्चालन गर्ने गरी बोलपत्र पेश गर्न पाईने छैन।

१४. शिलबन्दीसस बोलपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरू

(अ) यस कार्यलयबाट प्रमाणित भएको बोलपत्र

(आ) प्रोप्राईटरको पहिचान खुल्ने आधिकारिक प्रमाण पत्र

(इ) सम्बन्धित निकायमा दर्ता भएको नविकरण सहितको व्यवसाय दर्ता प्रमाणपत्र

(ई) स्थायी लेखा नम्बर (PAN / VAT) दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्र

(उ) यस कार्यालयको नेपाल बैंक स्थित खाता नं ०६००१०००००२००३००००००१ को धरौटी खातामा रु १०,०००.०० (अक्षरुपी: दश हजार रुपैयाँ) जम्मा गरेको सक्कल भौचर

१५. शिलबन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने कागजात संलग्न नभएको बोलपत्र मान्य हुनेछैन र स्वीकृत हुनेछैन।

१६. बोलपत्र स्वीकृत भई सम्झौता बमोजिम सटर / कोठा भाडामा लिने फर्म / कम्पनीले सटर / कोठाको सानातिना मर्मत, पानी, विजुली, सरसफाई लगायतका विविध व्यवस्थापन आँफैले गर्नुपर्नेछ।

१७. शिलबन्दी बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षर दुबैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ। कुनै व्यहोरा सच्याईएको भएमा सच्याईएको ठाउँमा समेत बोलपत्रवालाको दस्तखत भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१८. बोलपत्र स्वीकृत भई सम्झौता बमोजिम सटर / कोठा भाडामा लिने फर्म / कम्पनीले सम्झौता भईसकेपछी कुनै पनि बाहानामा (बन्द, हड्ताल, चक्काजाम, विपद-महामारी आदी बाहानामा) भाडा तथा जरिवाना छुट / मिनाहा दावी गर्न पाईने छैन र कार्यालयले पनि छुट / मिनाहा दिने छैन।

१९. थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। (सम्पर्क नं. ०६५-५६३४३६ / ९८५६०२७५३३)

२०. सूचनामा उल्लिखित शर्त / प्रावधानहरू अक्षरश: अध्ययन गरेर सटरको अवस्था हेरेर मात्र बोलपत्र पेश गर्नुपर्ने छ।

जिल्ला समन्वय अधिकारी